# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

उपक्षेत्रीय कार्यालय Sub Regional Office

बुटवल, रुपन्देही, **Butwal, Rupendehi, Nepal**


## सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकहरुको मानव अधिकार जोखिममा

बुटवल । २०७३ भदौ २६

राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनबाट नवलपरासी, रुपन्देही, कपिलवस्तु र दाङ जिल्लाका दक्षिणी सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरुको मानव अधिकार अवस्था जोखिमपूर्ण रहेको पाइएको छ । आयोगका माननीय सदस्यद्वय मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालको नेतृत्वमा रहेको उच्चस्तरीय टोलीले हालै ती जिल्लाहरुको सीमा क्षेत्रका नागरिकहरुको मानव अधिकार अवस्था बारेमा अनुगमन गरेको थियो ।

दक्षिणी सीमा क्षेत्रमा प्रत्येक वर्ष भइरहेको नदी कटान, डुबान र मानव निर्मित बाँध तथा ती क्षेत्रमा हुन नसकेको आधारभूत विकासको अभावमा उनीहरुको आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरु थप जोखिममा रहेको पाईएको हो । नवलपरासी जिल्लाको सुस्ता, नर्सही, कुड़िया र पकलिहवा, रुपन्देही जिल्लाको मर्चवार क्षेत्रका भरथहवा, बुटवल न.पा. देवीनगर, बुद्धनगर र तिनाउ किनाराका बस्तीहरु लगायतका कतिपय बस्तीहरु, कपिलवस्तु जिल्लाको रंगपुर, बेदौली, पर्सिया, हर्दौना, शीवखोर, सोमडी लगायतका क्षेत्रहरु कटान, डुबान र मानव निर्मित बाँध तथा दाङ जिल्लाको गढवा, गंगापुर, वेला, राजपुर र गोवडिया लगायतका क्षेत्रहरु नदी कटान र डुबानबाट प्रत्येक वर्ष प्रभावित हुँदा ती क्षेत्रका नागरिकहरुका अधिकारहरु नराम्ररी प्रभावित भएको पाइएको छ ।

नेपाली सीमा क्षेत्रमा विकासका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन नहुँदा सीमा क्षेत्रमा बसोबास गरिरहेका नेपाली नागरिकहरु दैनिक उपभोग्य वस्तुहरुको प्राप्ती, स्वास्थ्य उपचार, कतिपय अवस्थामा शिक्षा प्राप्तीमा समेत छिमेकी देशका बजारमा निर्भर रहन बाध्य हुनु परेको पाइएको छ । ती क्षेत्रमा शौचालय, खानेपानी, विद्यालय र शिक्षक, स्वास्थ्यकर्मीहरु, सञ्चार र कतिपय स्थानमा विजुलीको पहुँचबाट पनि उनीहरु वञ्चित रहनुपरेको देखिन्छ । दाङ जिल्लाको सीमाना कोयलाबास क्षेत्रमा बसोबास गर्ने नागरिकहरु पिउने पानीमा समेत छिमेकी देशमा निर्भर रहनु पर्ने बाध्यता छ । सीमा क्षेत्रमा विशिष्ठ किसिमका समस्याहरु भएपनि सो क्षेत्रबाट प्रतिनीधित्व गर्ने जनप्रतिनीधिहरुले त्यसलाई विशिष्ठ रुपमा नलिईं दिँदा सीमा क्षेत्रका समस्या समयमा नै समाधान हुन नसकेको र विकासको पूर्वाधार समेत निर्माण हुन नसकेको स्थानीय बासिन्दाहरुको गुनासो रहेको पाइएको छ ।

विशेष गरि सुस्ता क्षेत्रमा बसोबास गर्ने नागरिकहरुको आफ्नै देशको बाटो भएर आफ्नै वडा र गाविसका अन्य क्षेत्र तथा जिल्ला सदरमुकाम सम्म स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार नारायणी नदीमा पुल नहुँदा निरन्तर रुपमा कुण्ठित भइरहेको छ । पुलको विकल्पको रुपमा रहेको डुंगा समेत नियमित सन्चालन नहुँदा बालबालिकाहरु शिक्षाको अधिकारबाट समेत नराम्ररी प्रभावित भई कक्षा ८ पछिको उनीहरुको शिक्षा प्राप्ति अनिश्चित देखिन्छ । नागरिकताको अभावमा ज्येष्ठ नागरिक तथा एकल महिलाहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नबाट समेत बञ्चित रहेको पाइएको छ ।

उल्लिखित तथ्यहरुबाट सीमा क्षेत्रमा बसोबास गरिरहेका नागरिकहरुको मर्यादित जीवन जीउन पाउने अधिकार, स्वतन्त्रता, समानता र मर्यादा लगायतका बहुआयामिक अधिकारहरुको प्रचलनमा अवरोध भएको देखिन्छ । अतः सीमा क्षेत्रमा प्राकृतिक रुपमा, आन्तरिक रुपमा वा अन्य कारणबाट प्रत्येक वर्ष भइरहने डुबान र कटान रोक्न र जीवन निर्वाह गर्न दैनिक आवश्यक पर्ने कुराको व्यवस्था स्थानीय सीमा क्षेत्रमै मिलाउन, सुस्ताक्षेत्रमा आवतजावतको लागि तत्काल पुल निर्माण सुरु गरि सिमा क्षेत्रका नेपाली नागरिकहरुका बहुआयामिक मानव अधिकार संरक्षण गर्न आयोग नेपाल सरकार लगायत सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

(बुद्धनारायण साहनी केवट)
कार्यालय प्रमुख


फोन नं. ०७१५४६९११, फ्याक्स नं. ०७१५४६९११ पो.ब.नं. ८३ बुटवल, नेपाल
**Phone: 071546911 Fax: 071546911, P.O. Box:83, Butwal, Nepal,**
**Email: nhrcbtl@nhrcnepal.org Website: www.nhrcnepal.org**